Samriddhi Finance
Partnership for Prosperity

# समृद्धि फाइनान्स कम्पनी लिमिटेड
Samriddhi Finance Company Limited
नेपाल राष्ट्र बैंकबाट 'ग' वर्गको इजाजत पत्र प्राप्त संस्था

005140

च.नं. ३५५/०८१/८२ | मिति: २०८१/०७/१३

श्री नेपाल स्टक एक्सचेञ्ज लिमिटेड, युएनआइ शान्तिमार्ग, काठमाण्डौं ।
श्री वित्तीय संस्था सुपरिवेक्षण विभाग, नेपाल राष्ट्र बैंक, बालुवाटार, काठमाण्डौं ।
श्री बैंक तथा वित्तिय संस्था नियमन विभाग, नेपाल राष्ट्र बैंक, बालुवाटार, काठमाण्डौं ।
श्री कम्पनी रजिष्ट्रारको कार्यालय, त्रिपुरेश्वर, काठमाडौं ।
श्री सिडिएस एण्ड क्लियरिङ्ग लि., पुतलीसडक, काठमाण्डौं ।
श्री नेपाल धितोपत्र बोर्ड, खुमलटार, ललितपुर ।
श्री ग्लोबल आइ.एम.इ क्यापिटल लिमिटेड., नक्साल, काठमाण्डौं ।

**विषय : वार्षिक साधारण सभाको जानकारी एवं शेयरधनी दर्ता पुस्तिका बन्द हुने सम्बन्धमा ।**

महोदय,

उपरोक्त विषयमा, यस संस्थाको मिति २०८१/०७/१३ गते मंगलबार दिनको ४:०० बजे बसेको सञ्चालक समितिको ५०७ औं बैठकको निर्णय बमोजिम यस संस्थाको २३ औं वार्षिक साधारण सभा मिति २०८१ मंसिर ६ गते विहिबार (तदअनुसार २१ नोभेम्बर २०२४) मा होटल एभोकाडो, "अर्किड रिसोर्ट" हेटौंडा, मकवानपुरमा सम्पन्न हुने भएकोले यस वित्तिय संस्थाको शेयर धनी दर्ता पुस्तिका मिति २०८१/०७/२५ गते आइतबार १ (एक) दिन बन्द हुने भएकोले सञ्चालक समितिको निर्णय अनुसार तहाँको जानकारीका लागि हार्दिक अनुरोध गर्दछु ।

**साधारण सभा सम्बन्धी जानकारी**

| | | |
|---|---|---|
| मिति | : | २०८१/०८/०६ |
| समय | : | विहानको १०:०० बजे |
| स्थान | : | होटेल एभोकाडो, "अर्किड रिसोर्ट" हेटौंडा, मकवानपुर । |
| लाभांश प्रतिशत | : | नभएको |

भवदीय,

विनोद राज पौडेल
कम्पनी सचिव
कम्पनी सचिव

**संलग्न:**
१. २३ औं वार्षिक साधारण सभा सम्बन्धी सूचना थान १ ।

Samriddhi Finance
Partnership for Prosperity

# समृद्धि फाइनान्स कम्पनी लिमिटेड
# Samriddhi Finance Company Limited

नेपाल राष्ट्र बैंकबाट 'ग' वर्गको इजाजतपत्रप्राप्त संस्था
**मुख्य कार्यालयः** हेटौंडा, मकवानपुर, फोन नं.: ०५७-५२५१००, ०५७-५२३२२९
**इमेलः** info@sfcl.com.np, **वेबसाइटः** www.sfcl.com.np

## तेईसौं वार्षिक साधारण-सभा सम्बन्धी सूचना

**(प्रथम पटक प्रकाशित मिति :२०८१/७/१४ गते)**

**आदरणीय शेयरधनी महानुभावज्यूहरू,**

यस समृद्धि फाइनान्स कम्पनी लिमिटेडको मिति २०८१/७/१३ मा बसेको सञ्चालक समितिको ५०७ औं बैठकको निर्णयानुसार तेईसौं वार्षिक साधारण-सभा देहायको मिति, समय र स्थानमा तपशिल बमोजिमका विषयहरू उपर छलफल तथा निर्णय गर्न बस्ने भएकोले सम्पूर्ण शेयरधनी महानुभावहरूको जानकारी तथा उपस्थितिको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**सभा हुने मिति, समय र स्थानः**

**मिति : २०८१ मंसिर ६ गते, विहिबार (तद्नुसार २०२४ नोभेम्बर २१ तारिख)**

**समय : विहानको १०:०० बजे**

**स्थान : होटेल एभोकाडो "अर्किड रिसोर्ट" हेटौंडा मकवानपुर ।**

**छलफलका विषयहरु :**

**(क) सामान्य प्रस्तावहरु :-**

१. सञ्चालक समितिको तर्फबाट सञ्चालक समितिका अध्यक्षले प्रस्तुत गर्नु हुने आर्थिक वर्ष २०८०/८१ को वार्षिक प्रतिवेदन पारित गर्ने ।

२. लेखापरीक्षकको प्रतिवेदन सहितको आर्थिक वर्ष २०८०/८१ को वासलात, नाफा नोक्सान हिसाव, वित्तिय विवरण तथा नगद प्रवाह विवरण लगायतका अनुसूचिहरू माथि छलफल गरि पारित गर्ने ।

३. लेखापरीक्षण समितिको सिफारिश बमोजिम आर्थिक वर्ष २०८१/८२ को लागि वाह्य लेखापरीक्षक नियुक्त गर्ने र निजको पारिश्रमिक तोक्ने ।

४. विविध ।

**(ख) विशेष प्रस्तावहरु :-**

१. संस्थाको स्विकृत प्रबन्धपत्रमा संशोधन गर्ने ।

२. संस्थाको स्विकृत नियमावलीमा संशोधन गर्ने ।

३. यस संस्थालाई अन्य कुनै बैंक, विकास बैंक तथा वित्तीय संस्थासँग एक आपसमा गाभ्ने र गाभिने (मर्जर) तथा प्राप्ति (एक्वीजिसन) को लागि छलफल गर्ने, समझदारी पत्र (MOU) मा हस्ताक्षर गर्ने लगायत डिडिए (DDA) गर्न नियमनकारी निकायसँग सम्पर्क गर्ने, स्वीकृति लिन वा अन्य कुनै पनि विषयमा संशोधन, परिमार्जन, थपघट वा परिवर्तन गर्ने लगायत सो सम्बन्धमा प्रचलित नियमानुसार जे जो गर्नु पर्ने हो सोको लागि चाहिने सम्पूर्ण अख्तियारी सञ्चालक समितिलाई प्रदान गर्ने ।

४. प्रबन्ध-पत्र, नियमावली संशोधनको क्रममा नियमनकारी निकायहरु (नेपाल राष्ट्र बैंक, कम्पनी रजिष्ट्रारको कार्यालय, नेपाल धितोपत्र बोर्ड आदि) बाट कुनै कुराहरु फेरबदल/संशोधन/परिमार्जन गर्न वा मिलाउन वा कुनै थप कागजात तथा विवरणहरु तयार गरी पेश गर्न कुनै सुझाव वा निर्देशन भएमा सोही अनुरुप आवश्यक सम्पूर्ण कार्यहरु गर्न सञ्चालक समितिलाई अख्तियारी प्रदान गर्ने ।

५. विविध ।

**सञ्चालक समितिको आज्ञाले**
**कम्पनी सचिव**

### साधारण सभा सम्बन्धी अन्य सामान्य जानकारी

१. यस तेईसौं वार्षिक साधारणसभा प्रयोजनको लागी संस्थाको शेयरधनी दर्ता पुस्तिका मिति २०८१/०७/२५ गते एक दिन बन्द रहनेछ । शेयरधनी दर्ता पुस्तिका बन्द भएको मिति २०८१/०७/२५ भन्दा अघिल्लो दिनसम्म कारोबार भई प्रचलित नियमबमोजिम यस संस्थाको शेयर रजिष्ट्रार ग्लोबल आइएमई क्यापिटल लि. काठमाण्डौंमा प्राप्त शेयर नामसारीको लिखतको आधारमा शेयरधनी दर्ता किताबमा कायम शेयरधनीहरुले मात्र उक्त साधारणसभामा भाग लिन तथा मतदान गर्न पाउनेछन् ।

२. वार्षिक साधारण सभामा भौतिक रुपमा भाग लिन इच्छुक शेयरधनी महानुभावहरुले शेयर प्रमाणपत्र/हितग्राही (DEMAT) खाता खोलिएको प्रमाण र आफ्नो परिचय खुल्ने प्रमाण वा सोको प्रतिलिपि (जस्तै नागरिकता प्रमाणपत्र वा अन्य कुनै फोटो सहितको परिचयपत्र) अनिवार्य रुपमा साथमा लिई आउनुहुन अनुरोध छ । हाजिरी पुस्तिका बिहान ९ बजे देखि सभा चालु रहुन्जेल सम्म साधारण सभा हुने हलको बाहिर पट्टी खुल्ला रहनेछ ।

३. साधारण सभामा भाग लिन प्रतिनिधि (प्रोक्सी) नियुक्त गर्न चाहने शेयरधनीहरुले यस संस्थाकै अर्को शेयरधनीलाई मात्र प्रतिनिधी नियुक्त गर्न सक्नुहुनेछ । प्रचलित कम्पनी कानूनले तोकेको ढाँचामा वा यस कम्पनीको कार्यालयमा उपलब्ध वा वेभसाइटमा उपलब्ध प्रतिनिधिपत्र (प्रोक्सी) फारम भरी सभा शुरु हुनुभन्दा कम्तीमा ४८ घण्टा अगावै (२०८१/०८/०४ गते विहान १० बजेसम्म) कम्पनीको प्रधान कार्यालय हेटौंडा वा शाखा कार्यालय पुतलीसडक, काठमाण्डौंमा दर्ता गराई सक्नु पर्नेछ ।

४. नाबालक वा असक्त शेयरधनीको तर्फबाट कम्पनीको शेयर लगत दर्ता किताबमा संरक्षकको रुपमा नाम दर्ता भएको व्यक्ति वा प्रतिनिधि (प्रोक्सी) ले सभामा भाग लिन र मतदान गर्न प्रतिनिधि तोक्न पाउनेछ ।

५. संयुक्त रुपमा शेयर खरीद गरि लिएको अवस्थामा शेयर लगत किताबमा पहिलो नाम उल्लेख भएको व्यक्ति वा सर्वसम्मतबाट नियुक्त गरिएको एक व्यक्तिले मात्र सभामा भाग लिन र मतदान गर्न पाउनेछ ।

६. एकै शेयरधनीले एकभन्दा बढी व्यक्तिलाई प्रतिनिधि मुकरर गरेमा संस्थाको कार्यालयमा पहिलो दर्ता भएको प्रतिनिधिलाई मात्र मान्यता दिइनेछ ।

७. संगठित संस्था शेयरधनी भएमा त्यस्ता संगठित संस्थाद्वारा मनोनित व्यक्तिले ल्याउने प्रोक्सी फाराममा संस्थाको छाप र संस्थाको आधिकारीक व्यक्तिको दस्तखत हुनु पर्नेछ ।

८. प्रतिनिधि (प्रोक्सी) नियुक्त गरिसक्नु भएको शेयरधनी आफैं उपस्थित भएमा प्रोक्सी स्वतः बदर हुनेछ ।

९. सभामा आफ्नो प्रश्नहरु सोध्न इच्छुक शेयरधनीले अध्यक्षले तोकेको समयमा आफ्नो प्रश्न संक्षेपमा सोध्नु पर्नेछ । यस्तो प्रश्न साधारण सभा अगावै वा साधारण सभाको समयमा लिखित रुपमा पनि सोध्न सकिनेछ । साधारण सभा अगावै सोधिने यस्ता प्रश्न संस्थाको प्रधान कार्यालय वा पुतलिसडक शाखा कार्यालयमा दर्ता गराउने वा इमेल info@sfcl.com.np मा पठाउन सकिने छ ।

१०. शेयरधनी महानुभावहरुले सोधेका प्रश्नहरुका सम्बन्धमा अध्यक्षले वा निजले तोकेको व्यक्तिले बेग्लाबेग्लै वा सामुहिकरुपमा उत्तर दिनु हुनेछ ।

११. सभाको दिन सभा सुरु हुने भनी तोकिएको समयमा उपस्थित भई त्यहाँ रहेको हाजिरी पुस्तिकामा दस्तखत गर्नुपर्नेछ ।

१२. साधारण-सभामा प्रस्तुत हुने प्रतिवेदन साधारण-सभा भन्दा अघि नै प्राप्त गर्न इच्छुक शेयरधनी महानुभावहरुले कम्पनीको प्रधान कार्यालय हेटौंडा वा शाखा कार्यालय पुतलीसडक, काठमाण्डौंमा कार्यालय समयभित्र सम्पर्क राख्नुहुन अनुरोध छ । साथै यो सुचना र यस संस्थाको २०८०/८१ को वार्षिक प्रतिवेदन तथा आर्थिक विवरण संस्थाको वेबसाइट www.sfcl.com.np मा हेर्न तथा डाउनलोड गर्न सक्नुहुनेछ ।

Samriddhi Finance